**Journal of Tikapur Multiple Campus**
Vol.5; June 2022
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus

# भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थिति

लयप्रसाद खतिवडा
टीकापुर बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
Email: khatiwadalaya@gmail.com

**सार सङ्क्षेप**

यस अनुसन्धानमूलक लेखमा सामाजिक भाषाविज्ञान र भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिका बारेमा अध्ययनमा गरिएको छ । मानिस सामाजिक प्राणी भएकाले उसले समाजमै भाषिक सिपहरू सुन्ने, बोल्ने, पढ्ने र लेख्ने गर्दछ । समाजभन्दा अलग रहेर व्यक्तिले भाषाको आदनप्रदान गर्न सक्दैन । भाषा सामाजिक वस्तु भएकाले यसको प्रत्यक्ष सम्बन्ध प्रत्येक भाषाभाषी र समाजसँग रहेको हुन्छ । भाषाको उत्पत्ति प्रयोग र विकास समाजमा नै हुन्छ । यदि भाषाको प्रयोग समाजले गरेन भने त्यस भाषालाई जीवित मानिदैन । जीवित भाषा हुनलाई समाजले प्रयोग गर्नै पर्दछ । व्यक्तिले बोल्ने आदरार्थी शब्दको प्रयोगबाट उसको सामाजिक स्तर थाहा पाउन सकिन्छ । बच्चा जन्मेपछि उसले समाजबाटै भाषा सिक्ने, समाजमै व्यवहार गर्ने र समाजमै प्रयोग गर्ने भएकाले भाषामा सामाजिक विशेषता भेटिन्छ । यस अध्ययनमा सुविधाजनक नमुना छनोट विधिबाट प्राप्त भएका सूचनाका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिलाई यस अध्ययनमा दस्तावेजको अध्ययनबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ ।सामाजिक भाषाविज्ञानको पहिचान, प्रकृति, प्रभाव र भाषाको सामाजिकभेदको पहिचानका आधारहरू तथा भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थिति के कस्तो छ ? भन्ने प्रश्नमा केन्द्रित रहेर त्यसको व्याख्या विश्लेषणगरिएको छ । यस लेखमा सामाजिक भाषाविज्ञानको पहिचान र भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिलाई मुख्य समस्या बनाएर अध्ययन गरिएको हुँदा सामाजिक भाषाविज्ञानका बारेमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि यो लेख औचित्यपूर्ण हुनेछ ।सामाजिक भाषाविज्ञानको पहिचान गरी यसको प्रकृति, प्रभाव  र भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिका बारेमानिश्चित ढाँचा तयार गरिएको छ । सामाजिक तत्त्वहरू धर्म, वर्ग, जात, जाति, संस्कृति, रीतिरिवाज, लिङ्ग उमेर, शिक्षा, पेसा, आदर, पद प्रतिष्ठा आदि कारणले सामाजिक भाषाविज्ञानलाई निर्धारण गर्दछ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

**शब्दकुन्जी** : अपक्षय, अवलम्बन, भाषिक भेद, सामाजिक संरचना,स्वीकरण

## विषय परिचय

समाजमा बोलिने भाषाको वैज्ञानिक किसिमले अध्ययन गरिने भाषाविज्ञानलाई सामाजिक भाषाविज्ञान भनिन्छ । सामाजिक भाषाविज्ञानमा सामाजिक तत्त्वहरूले के, कति र कसरी प्रभाव

*Copyright 2022 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

पारेको छ त्यसको खोजी गरिन्छ ।मानिस सामाजिक प्राणी भएकोले उसले समाजमै सुन्ने, बोल्ने, पढ्ने र लेख्ने गर्दछ । समाजभन्दा अलग रहेर व्यक्तिले भाषाको आदानप्रदान गर्न सक्दैन । भाषाको उत्पत्ति विकास र परिवर्तन समाजमा नै हुन्छ । व्यक्तिले बोल्ने तँ, तिमी, तपाई, हजुर जस्ता आदरार्थी शब्दको प्रयोगबाट उसको सामाजिक स्तर पत्ता लगाउन सकिन्छ । सामाजिक स्तर, चेतना,वर्ग, शिक्षा, संस्कृति, पद प्रतिष्ठा, बसोबास आदि सामाजिक कारणले उत्पन्न हुने भाषिक भेदलाई भाषाको सामाजिकभेद भनिन्छ । सामाजिक तत्त्वहरू धर्म, वर्ग, जात, जाति, संस्कृति, रीतिरिवाज, लिङ्ग, उमेर, शिक्षा, पेसा, आदर, औपचारिक, अनौपचारिक आदि कारणले सामाजिक भाषिकभेदको निर्धारण गर्दछ । समाजमा बोलिने भाषिक भेदको वैज्ञानिक अध्ययन भाषाको सामाजिकभेदअन्तर्गत गरिन्छ । नेपाली समाजको स्तर, बनोट, बसोबास विविधताले युक्त छ । यही विविधता युक्त सामाजिक बनोटबाट सामाजिक भाषिकभेदको जन्म हुन्छ ।

समाज भाषाविज्ञानको  अध्ययन अनुसन्धानमा सन् १९६० को दशकदेखि भएको देखिन्छ । युरोपमा भाषाप्रति सामाजिक दृष्टिकोण राख्ने प्रथम व्यक्ति फर्डिन्यान्ड डी. सस्युर हुन् । सन् १९३४ मा जर्ज मिडले भाषालाई सामाजिक नियन्त्रणको एउटा साधन माने भने जे.ए. फिसम्यानले व्यक्तिबोली र सामाजिक अध्ययन दुबैलाई महत्त्वपूर्ण मानेका छन् । फर्थले स्थितिको प्रसङ्ग सिद्धान्तमा सामाजिक अध्ययनमा जोड दिएका छन्(बन्धु, २०५३, पृ. ११९)  । सामाजिक भाषाविज्ञानले सैद्धान्तिक आधार ग्रहण गर्ने काम फर्थको स्थितिको प्रसङ्ग सिद्धान्तबाट भएको हो । समाजको संरचना एउटै हुँदैन । समाजमा बसोबास गर्ने व्यक्तिहरूको सामाजिक संरचनाअनुसार भाषामा विभिन्न भेद देखा पर्दछन् ।सामाजिक तत्त्वहरूले भाषाका विभिन्न भेदहरू सिर्जना हुन्छन् । कुनै भाषाप्रति सद्भाव उत्पन्न भई त्यस भाषालाई ग्रहण वा अङ्गीकार गर्ने प्रक्रियालाई अवलम्बन भनिन्छ । भाषालाई मान्यता दिनु स्वीकरण हो । विभिन्न भूगोल र सामाजिक तत्त्वहरूले भाषिक भेदको जन्म हुन्छ । भाषाको क्षेत्रीय भेदमा भूगोललाई आधार मानिन्छ भने सामाजिक भेदमा समाजिक तत्त्वलाई आधार मानेरभाषिकभेदको जन्म हुन्छ । यी विभिन्न भाषिक भेदहरूमध्ये मानक भाषालाई मान्यता दिनु भाषिक स्वीकरण हो । प्रभावशाली वा प्रचलित भाषाको प्रभावमा परेर भाषा ह्रास वा भाषान्तरण हुनु अपक्षय हो । भाषिक अपक्षयले भाषा प्रयोक्ताको सङ्ख्या कम भएर सीमित हुन पुग्दछ ।

सामाजिक भाषाविज्ञानको पहिचान, प्रकृति, प्रभाव र भाषाको सामाजिकभेदको पहिचानका आधारहरू तथा भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिके कस्ता छ ? भन्ने प्रश्न नै प्रस्तुत अध्ययनको मुख्य समस्या हो । सामाजिक भाषाविज्ञानको पहिचान गरी भाषामा त्यसको प्रकृति,प्रभाव र भाषामा सामाजिकभेदको पहिचानका आधारहरू तथा भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिको व्याख्या विश्लेषण गरी एउटा निष्कर्षमा कसरी पुग्न सकिन्छ ?भन्नेप्रश्नलाई समस्या बनाएर प्रस्तुत लेख तयार गरिएको छ ।

सामाजिक भाषाविज्ञानको पहिचान, प्रकृति, प्रभाव  र भाषाको सामाजिकभेदका पहिचानका आधारहरूका बारेमा उत्पन्न समस्याको समाधान गर्नु नै यस अध्ययनको उद्देश्य हो । सामाजिक भाषाविज्ञानको पहिचान गर्नँ, भाषामा त्यसको प्रकृति, प्रभाव र भाषामा सामाजिकभेदको पहिचानका आधारहरू तथा भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिका बारेमाप्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरी एउटा निष्कर्षमा पुग्नु यस अनुसन्धानमूलक लेखको उद्देश्य हो ।

## अध्ययन विधि


यस अनुसन्धानमूलक लेखमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । अध्ययनका क्रममा प्राथमिक सामग्रीका रूपमा समाजको अध्ययनबाट प्राप्त सामग्रीलाई उपयोग गरिएको छ । सामाजिक भाषाविज्ञानको सैद्धान्तिक पक्षको निम्ति सन्दर्भ पुस्तक, विभिन्न लेखरचना प्रयोग गरिएको छ । यसका निम्ति अनुसन्धानमूलक लेख र सन्दर्भ पुस्तकबाट सामग्री सङ्कलन गरी पुस्तकालयीय विधिका साथै विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । सामाजिक भाषाविज्ञानसम्बन्धी पूर्ववर्ती अध्येताहरूले गरेका अध्ययन विश्लेषणबाट द्वितीयक सामग्री सङ्कलन गर्नुका साथै सामाजिक भाषाविज्ञानको सैद्धान्तिक पक्षको अध्ययन गरी त्यसको आधारमा विश्लेषण गरिएको छ । सामाजिक भाषाविज्ञानको विश्लेषण गर्दा सामाजिक भाषाविज्ञानको पहिचान, प्रकृति, प्रभाव र भाषाको सामाजिकभेदको पहिचानका आधारहरूका साथै भाषामा अवलम्बन, स्वीकरण र अपक्षयको स्थितिमा केन्द्रित रहेर निश्चित ढाँचा तयार गरी विश्लेषण गरिएको छ । सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरिएको हुँदा यस लेखमा गुणात्मक अध्ययन पद्धति अवलम्बन गरिएको छ । यस अध्ययनको अन्त्यमा प्राप्त भएका सूचना र सामग्रीका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक अवधारणा र अध्ययनको ढाचा

सामाजिक भाषाविज्ञान अङ्ग्रेजी भाषाको सोसिओलिङ्ग्विस्टिसबाट आएको शब्द हो । यस शब्दको प्रथम प्रयोग हावेर सी. क्युरी बाट भएको मानिन्छ । उनले यस शब्दको प्रथम प्रयोग सन् १९५५ मा गरेका हुन् । यासिवा विश्वविद्यालयका समाजशास्त्र र मनोविज्ञानका प्राध्यापक जोसुय ए.फिसम्यानले सर्वप्रथम सन् १९६४ मा इन्डियना विश्वविद्यालयमा भएको समाज भाषावैज्ञानिक सेमिनारमा 'भाषाको समाजशास्त्र' शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए (फिसम्यान, १९६८, पृ. १३) । यस कार्यपत्रमा उनले भाषाको समाजशास्त्रले भाषा प्रयोग र भाषिक व्यवहारको सामाजिक संरचनाको अध्ययन गर्ने कुरा उल्लेख गरेका छन् । विलियम ए. स्टेवार्ट (१९६९), पियर पाओलो गिग्लिवली (१९७२) आदिले भने 'समाज भाषाविज्ञान' शब्द नै प्रयोग गरेका छन् । डेल एच. हिम (१९६९) ले 'बोलीको जातित्व' (इथ्नोग्राफी अफ स्पिकिङ) र वि. ल्याबोभ (१९७०) ले 'सामाजिक सन्दर्भमा भाषाको अध्ययन' गरे काले यसलाई सन्दर्भका रूपमा लिइएको छ ।सामाजिक भाषाविज्ञानमा किस्मन, हाइम्स, फर्ग्युसन, गुम्पर्ज आदिको महत्त्वपूर्ण योगदान रहेको छ । नेपाली भाषाबाट सन्दर्भ लिने क्रममा ढुङ्गेल र दाहाल (२०५८), अधिकारी (२०६२), आचार्य र गौतम (२०६३), भण्डारी (२०६७), ढकाल (२०७०), ओझा र न्यौपाने (२०७१)ले गरेका सैद्धान्तिक चर्चालाई आधार मानेर यस अध्ययनको अवधारणा निर्माण गरिएको छ । विश्वविद्यालयको औपचारिक तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएका शोधपत्रहरूमा समाज भाषावैज्ञानिक अध्ययन प्रयोगात्मक रूपमा गरिएको छ । नेपालमा बोलिने बाजुरेली, बझाङ्गी, मगर, राई, लिम्बू , तामाङ, थारू, अवधी, भोजपुरी आदि विभिन्न भाषाकोप्रयोगात्मकअध्ययनलाई आधार मानेर उद्देश्यमा केन्द्रित भई यस अध्ययनमा निम्नानुसारको सैद्धान्तिक ढाँचाको उपयोग गरिएको छ :

आरेख नं. १

सैद्धान्तिक ढाँचा




## परिणाम तथा छलफल

### सामाजिक भाषाविज्ञानको परिचय

भाषा र भाषा प्रयोग हुने सामाजिक सन्दर्भको अध्ययन गर्ने भाषाविज्ञानको प्रायोगिक शाखालाई सामाजिक भाषाविज्ञान भनिन्छ ।भाषाविज्ञानले भाषिक व्यवस्थाको समग्र अध्ययन गर्दछ भने सामाजिक भाषाविज्ञानले भाषा र समाजबिचको अन्तरसम्बन्धलाई हेर्दछ । सामाजिक भाषाविज्ञान सम्प्रेषण सिद्धान्तमा आधारित हुन्छ ।यसले भाषाको प्रयोग र सन्दर्भपरक अर्थको खोजी गर्दछ । भाषाको प्रयोग कसले, कोसँग, कुन समयमा कसरी गरेको छ ? त्यसको अध्ययन सामाजिक भाषाविज्ञानमा गरिन्छ ।सामाजिक भाषाविज्ञान भाषिक प्रयोगमा आधारित हुन्छ ।भाषाविज्ञानको यस शाखालेभााषिक प्रकार्य र सामर्थ्यको खोजी गर्दछ । समाजअनुसार मानक, अमानक, औपचारिक, अनौपचारिक भाषाको अध्ययन गर्दछ । सामाजिक भाषाविज्ञानले भाषाको समाजपरक अध्ययन गर्ने भएकाले यसले सामाजिक तत्त्वहरू धर्म, वर्ग, जात, जाति, शिक्षा, पेशा, लिङ्ग आदिले भाषालाई कसरी प्रभावित पारेको छ त्यसको अध्ययन विश्लेषण गर्दछ ।“ भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ” (अधिकारी, २०५९, पृ.१) । यसरी सामाजिक तत्त्वहरू धर्म, वर्ण, वर्ग, जात, जाति, पेसा, शैक्षिक स्तर, उमेर, लिङ्ग आदिसँग सम्बन्धित भएर गरिने भाषाको अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । सामाजिक भाषाविज्ञान  भाषाविज्ञान कै विभिन्न शाखाहरूमध्ये समाजपरक अध्ययनसँग सम्बन्धित शाखा हो । भाषिक सिपहरू सुन्ने, बोल्ने, पढ्ने र लेख्ने काम समाजमै हुने हुँदा समाजभन्दा अलग रहेर व्यक्तिले भाषाको आदान प्रदान गर्न सक्दैन । बच्चा जन्मेदेखि उसले समाजबाटै भाषा सिक्ने समाजमै व्यवहार गर्ने र समाजमै प्रयोग गर्ने भएकोले भाषाको समाजपरक अध्ययन नै सामाजिक भाषाविज्ञान हो ।

समाजमा भाषाले के कसरी भाषिक सम्प्रेषण गरेको छ ? समाज र भाषाबिचको सम्बन्ध के कस्तो छ ? समाज परिवर्तन सँगसँगै भाषामा कसरी परिर्वतन भएको छ ? सामाजिक मूल्य, मान्यता, रीतिरिवाज, सामाजिक सन्दर्भ, प्रसङ्ग आदिमा भाषाको प्रयोग कसरी भएको छ ? त्यसको खोजी

समाजिक भाषाविज्ञानमा गरिन्छ । भाषाको प्रयोग कसले ? कोसँग ? कहिले ? कुन प्रसङ्गमा ? कसरी गरेको छ ? आदि प्रश्नको उत्तरसँग सामाजिक भाषाविज्ञान सम्वन्धित हुन्छ । धर्म, वर्ण, वर्ग, जात, जाति, पेशा, शैक्षिक स्तर, उमेर, लिङ्गअनुसार भाषिक सम्प्रेषण कसरी हुन्छ ? साथीसाथी, शिक्षक विद्यार्थी, आमा बुबा, बुवा छोराबिचमा संवाद के कसरी हुन्छ ? बिषय, प्रसङ्ग र परिस्थितिले भाषामा के कसरी प्रभाव पार्दछ ? घर परिवार, कक्षा कोठा, मन्दिर, कार्यालय, सभा समारोह, रेडियो, टेलिभिजन, टेलिफोन आदिमा भाषाको प्रयोग कसरी भएको छ ? यी सबै पक्षको अध्ययन विश्लेषण गर्ने काम सामाजिक भाषाविज्ञानले गर्दछ ।

## समाजको प्रकृति र भाषामा त्यसको प्रभाव

समाजको बनोट, भूगोल, धर्म, वर्ग, उमेर, जातजाति, शिक्षा, चेतनाको स्तर, रीति, रिवाज, भेषभूषा, नातागोता, आदर, पद, प्रतिष्ठा आदिको व्यवस्थाका आधारमा भाषा प्रभावित हुन्छ । भौगोलिक बनोटका आधारमा हिमाल, पहाड, तराई, पूर्व, पशि्चम आदिको अवस्थितिअनुसार शब्दभण्डारमा विविधता हुन्छ । समाजको प्रकृतिले भाषाअनुसार बोल्ने शैलीमा भिन्नता ल्याउँछ । समाजको प्रकृति एउटै हुँदैन । सामाजिक सांस्कृतिक विविधता भए जस्तै भौगोलिक बनोटका आधारमा हिमाल, पहाड, तराई, पूर्व, पशि्चम आदिको अवस्थितिअनुसार भाषिक शब्दभण्डारमा विविधता पाइन्छ । समाजको बनोट र स्परूपले भाषामा प्रभाव पारेको हुन्छ । कुनै पनि समाजको सामाजिक व्यवस्थाके कस्तो छ त्यसका आधारमा भाषा प्रभावित हुन्छ ।

समाजको प्रकृतिका आधारमा नेपाली समाजमा प्रयोग गरिने काका, मामा, फुपाजु, ठुलो बुबा, सानोबुवा जस्ता अलगअलग शब्दको सट्टा अङ्ग्रेजी भाषीले अङ्कल शब्दको प्रयोग गर्नु समाजको प्रकृतिले भाषामा पारेको प्रभावको उदाहरण मानिन्छ । आदरार्थी शब्दको प्रयोगमा समेत अङ्ग्रेजी भाषाको यु (you) शब्दले नेपाली भाषामा तँ, तिमी, तपाईं, हजुर जस्ता शब्दलाई जनाउँछ । क्यानडाका एस्किमोहरूले हिँउ शब्दलाई बुझाउन ४० भन्दा बढी शब्दको प्रयोग गर्नु, अरबी भाषामा ऊँटलाई जनाउन १००० शब्दको प्रयोग गर्नु, बास्मा भाषामा रङ जनाउन कालो र सेतो दुई शब्दको मात्र प्रयोग गर्नु, दनुवारी भाषामा आमा, बुवा, काका, हजुरआमा आदिलाई आदरार्थीको प्रयोग नगर्नु समाजमा प्रयोग हुने भाषाअनुसार बोल्ने शैलीमा फरक हुनु , समाजको प्रकृतिले भाषामा पारेको प्रभाव मानिन्छ । नेपाली भाषामा नाति र नातिनी शब्दले छोरा वा छोरी कसका सन्तान हुन् स्पष्ट नछुटिनुसमाजको प्रकृतिले भाषामा पारेको प्रभाव मान्न सकिन्छ । समाजको प्रकृति र भाषामा त्यसको प्रभाव के कस्तो छ भन्ने विषयमा भाषाविद्हरूले निम्न चार धारणालाई प्रस्तुत गरेका छन् । जसमा समाजले भाषिक संरचनालाई प्रभाव पार्ने, भाषिक संरचनाले समाजलाई प्रभाव पार्ने, समाज र भाषा एकअर्कासँग आपसी अन्तरसम्बन्ध हुने र भाषा र समाजको अन्तरसम्बन्ध नहुने चार धारणा भेटिन्छ (भण्डारी र पौड्याल, २०६७, पृ. १५)। यस सन्दर्भलाई यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ ।

## सामाजिक संरचनाले भाषिक संरचनालाई प्रभाव पार्ने

सामाजिक संरचनाले भाषिक संरचनालाई प्रभावित पारेको हुन्छ । जे जस्तो समाज छ त्यस्तै भाषाको विकास हुँदै जान्छ । नातागोता आदर, उमेर, धर्म, वर्ग, क्षेत्र आदि सामाजिक संरचनाको प्रकृतिले भाषामा प्रभावित पार्दछ भन्ने दृष्टिकोण यसमा रहेको छ ।

### भाषिक संरचना वा व्यवहारले सामाजिक संरचनालाई प्रभावित पार्ने

समाज भाषा वैज्ञानिक सपिर र होर्फले भाषिक संरचना वा व्यवहारले सामाजिक संरचनालाई प्रभावित पार्दछ भन्ने धारणा राखेका छन् । यसमा भाषिक व्यवहारका कारणले समाजलाई चिन्न सकिन्छ । व्यक्तिले प्रयोग गर्ने भाषाका कारणले उसको सामाजिक व्यवहार पत्ता लगाउन सकिन्छ । यस मान्यतामा भाषाको प्रकृतिले समाजलाई प्रभावित पारेको हुन्छ भन्ने धारणा राखिन्छ । कुनै व्यक्तिले प्रयोग गरेको भाषाका आधारमा उसले प्रतिनिधित्व गरेको समाजलाई पहिचान गर्न सकिन्छ ।

### समाज र भाषाले एकअर्कामा आपसी प्रभाव पार्ने

समाज र भाषाबिचको अन्तरसम्बन्ध छ भन्ने मान्यता डिटमर र गुम्पर्जको हो । भाषा र समाज एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् । भाषा एवं समाजलाई अलग गरेर अध्ययन गर्न हुँदैन । समाज र भाषा एकअर्कामा पूरक हुन् भन्ने धारणा यस मान्यताको रहेको छ ।सामाजिक व्यवहारलाई भाषाकै माध्यमद्वारा व्यक्त गरिने हुँदा भाषा र समाजबिचको अन्तरसम्बन्ध रहेको हुन्छ ।

### भाषा र समाजको आपसी सम्बन्ध नहुने

भाषालाई भाषाकै रूपमा र समाजलाई समाजकै रूपमा अध्ययन गर्नुपर्ने मान्यतामा यो विचार प्रभावित रहेको छ । भाषा र समाजलाई अलग गरेर हेर्न नसकिए तापनि भाषा र समाजको आपसी सम्बन्ध नहुने धारणा यसले राखेको देखिन्छ । भाषाभन्दा समाज निरपेक्ष हुन्छ भन्ने मान्यता यसले राख्दछ । यो धारणा नोमचम्स्कीको रूपान्तरणवादी व्याकरणबाट प्रभावित देखिन्छ । आजको समाज भाषिक अध्ययनमा भाषा र समाजको आपसीसम्बन्ध छैन भन्नु व्यावहारिक देखिदैन ।

यसरी सामाजिक संरचनाले भाषालाई, भाषिक संरचनाले समाजलाई तथा भाषा र समाज एकअर्काबिचमा घनिष्ठ र अन्योन्याश्रितसम्बन्ध रहेको हुन्छ । समाजले भाषालाई, भाषाले समाजलाई तथा भाषा र समाजको अन्तरसम्बन्धले जेजसरी भए पनि समाजको प्रकृतिअनुसार भाषालाई प्रभावित पारेको हुन्छ ।

### भाषाको सामाजिक भेदको पहिचानका आधारहरू

भाषाको सामाजिक भेदको पहिचानका आधारहरूमासामाजिक संरचना, धार्मिक र सांस्कृतिक विविधता, वक्ता र श्रोताको स्थिति, देश, काल र परिवेश, औपचारिकता, शिक्षा र चेतनाको स्तर, पेसा व्यवसाय, लिङ्गगत आधार, उमेरगत आधार, पद प्रतिष्ठा आदिमुख्य रहेका छन् :

### सामाजिक संरचना

सामाजिक संरचनाले भाषिक भेद जन्मन पुग्दछ । उच्च, मध्यम र निम्न वर्गीय समाजमा वर्गअनुसार फरकफरक भाषिक भेद बोलिन्छ । नेपाली भाषामा उच्च वर्गलाई द्वितीय पुरुषमा हजुर र मौसुफको प्रयोग गरिन्छ भने क्रियापदमा बक्सियोस्, सियोस थप्ने गरिन्छ । तँ, तिमी, तपाईं, हजुर, मौसुफ द्वितीय पुरुष सर्वनामको प्रयोगबाट खान्छस्, खान्छौ, खानुहुन्छ, खाइबक्सिन्छ जस्ता क्रियापदको प्रयोग हुनु सामाजिक संरचनाले भाषिक भेदमा पारेको प्रभाव मानिन्छ ।

## धार्मिक र सांस्कृतिक विविधता

समाजमा सांस्कृतिक विविधता पाइन्छ । धर्म, वर्ग, जात जाति, रीति रिवाज, खानपान, रहनसहन, भेषभूषा, आदिको समन्वयले समाज निर्मित हुन्छ । जहाँ धार्मिक, सांस्कृतिक, विविधता हुन्छ त्यहाँ स्वतः भाषिक विविधता हुन्छ । यही कारणले धार्मिक सांस्कृतिक विविधतालाई सामाजिक भाषिक भेद पहिचान गर्ने मुख्य आधार मानिन्छ । धार्मिक, सांस्कृतिक आधारमा हिन्दु, मुस्लिम, बुद्धिष्टहरूले प्रयोग गर्ने भाषामा भाषिकभेद देखा पर्दछ । जस्तै :

| | | | | |
|---|---|---|---|---|
| हिन्दु | - | वेद | देवता | मन्दिर |
| मुस्लिम | - | कुरान | अल्लाह | मस्जिद |
| क्रिस्चियन | - | वाइवल | यशु | चर्च |
| बौद्ध | - | त्रिपिटक | बुद्ध | गुम्वा |

यी माथि प्रस्तुत गरिएका शब्दहरू धर्मअनुसार भाषामा प्रयोग गरिने धार्मिक र सांस्कृतिक विविधताका उदाहरण हुन् ।

## वक्ता र श्रोताको स्थिति

सामाजिक भाषिक भेद निर्धारणमा वक्ताले कुन विषयमा कोसँग के बोलिरहेको छ ? त्यसले प्रभावित पार्दछ । भाषाको प्रयोगकर्ता र ग्रहणकर्ताबिचको स्थितिले भाषामा प्रभाव पार्दछ । समाजमा एउटै व्यक्तिले आमा, छोरी, दिदी, बहिनी, भाउजू, माइजू, बुहारी, काकी, सासू आदिको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यस्तो स्थितिमा वक्ता र श्रोताबिचको भाषिक प्रयोगमा भेद देखिन्छ । लोग्ने र स्वास्नी, मालिक र मजदुर, ग्राहक र व्यापारी, शिक्षक र विद्यार्थी, हाकिम र कारिन्दाबिचमा संवाद हुँदा भाषिक भेद देखा पर्दछ । यसरी भाषाको सामाजिक भेद निर्धारणमा वक्ता र श्रोताको सहभागिताले सामाजिक भाषिकामा प्रत्यक्ष प्रभावित पार्दछ ।

## देश, काल र परिवेश

सामाजिक भाषिक भेद निर्धारणमा ठाँउ, समय, र वातावरणले प्रत्यक्ष प्रभावित पार्दछ । सभा, सम्मेलन, कक्षाकोठा, गोष्ठी, सेमिनार, प्रवचन, भाषण तथा चियापसलमा गरिने कुराकानी, छलफलमा प्रयोग गर्ने भाषामा भेद देखिन्छ । कुनै शिक्षकले विद्यालयमा आफ्नै भाइ र बहिनीलाई पढाउँछ भने विद्यालयमा उसले प्रयोग गर्ने भाषा र घरमा प्रयोग गर्ने भाषामा भिन्नता हुन्छ । विद्यालयमा औ पचारिक, मानक, स्तरीय भाषाको प्रयोग गरिन्छ भने घरमा अनौपचारिक भाषिक भेदको प्रयोग गरिन्छ । यसरी देश, काल, वातावरण र परिवेशले सामाजिक भाषिका निर्धारणमा प्रत्यक्ष प्रभावित पार्दछ ।

## औपचारिकता

औपचारिकताका आधारमा सामाजिक भेदअन्तर्गत औपचारिक र अनौपचारिक भाषिक भेद देखा पर्दछन् । विषय, वक्ता, श्रोता, परिस्थितिले नियन्त्रित भाषिक भेदलाई औपचारिक भाषिक भेद भनिन्छ । विषय, वक्ता, श्रोता, परिस्थितिले अनियन्त्रित भाषिक भेदलाई अनौपचारिक भाषिक भेद भनिन्छ । औपचारिक भाषिक भेदमा शिष्ट, मर्यादित, सर्वमान्य भाषाको प्रयोग गरिन्छ भने अनौपचारिक

भाषिक भेदमा शुद्धाशुद्धि, शिष्टता, मर्यादा आदिको ख्याल गरिदैन । यसरी औपचारिकताका आधारमा पनि सामाजिक भाषिक भेदको पहिचान गर्न सकिन्छ ।

## शिक्षा र चेतनाको स्तर

समाजमा शिक्षित व्यक्तिले बोल्ने र अशिक्षित व्यक्तिले बोल्ने भाषामा भिन्नता देखिन्छ । शिक्षा र चेतनाको स्तरले समाजमा शिक्षित र अशिक्षित सामाजिक भेद देखापर्दछन् । शिक्षा र चेतनाको स्तरले सामाजिक भाषिकभेद स्पष्ट छुट्टिन्छ । जस्तैः

| | | | | | |
|---|---|---|---|---|---|
| सूर्य | - | सुर्जे | षडानन्द | - | खडानन्द |
| स्थान | - | थान | ग्लास | - | गिलास |
| प्रभा | - | पर्भा | कारण | - | कारन |
| धरहरा | - | धररा | महासचिव | - | मासचिव |

आदि शब्दको प्रयोगमा शिक्षा र चेतनाको स्तरले भिन्नता ल्याउँछ । सामाजिक भाषिकभेद सिर्जनामा शिक्षा र चेतनाको स्तरले भिन्नता ल्याउँछ । सामाजिक भाषिकभेद सिर्जनामा शिक्षा र चेतनाको स्तरले प्रत्यक्ष प्रभावित पार्ने हुदाँ सामाजिक भाषिकभेद निर्धारणमा शिक्षा र चेतनाको स्तरलाई महत्त्वपूर्ण सूचक मानिन्छ ।

## पेशा/व्यवसाय

समाजमा जीवन यापनका निम्ति पेशा व्यवसायका आधारमा विभिन्न सामाजिक भेदहरू देखा पर्दछन् । शिक्षक, डाक्टर, वकिल, व्यापारी, पत्रकार, कृषक, कर्मचारी, सिकर्मी, डकर्मी, आदिले बोल्ने भाषिक भेद भिन्नभिन्न हुने हुँदा पेशा व्यवसायका आधारमा सामाजिक भाषिकभेद पहिचान गर्न सकिन्छ । पेशा र व्यवसायअनुसार प्रयोग गरिने शब्दमा भिन्नता देखिन्छ ;जस्तैः

शिक्षक - पाठ्यक्रम, पाठ्यपुस्तक, चक, डस्टर

किराना पसले - दाल, चामल, चिनी, पिठो, नुन, तेल

डाक्टर - एक्सरे, विरामी, डिस्चार्ज, अप्रेसन

पत्रकार - समाचार, सम्पादन, रिपोर्ट, प्रसारण

यी माथि प्रस्तुत गरिएका शब्दहरू पेसा/व्यवसायअनुसार भाषामा प्रयोग गरिने शब्दका उदाहरण हुन् ।

## लिङ्गगत आधार

समाजमा नारी र पुरुष जातिले प्रयोग गर्ने शव्द र शैलीमा भिन्नता हुन्छ । पुरुष जातिले बोल्ने भाषा नारी जातिको भन्दा तुलनात्मक रूपमा ठाडो, रुखो, कर्कस, धोक्रे खालको हुन्छ । ध्वन्यात्मक गुण, रङको विभेद गर्ने क्षमता, शब्दभण्डार आदिका दृष्टिले महिला र पुरुषको भाषा प्रयोगमा भिन्नता पाइन्छ (भण्डारी र पौड्याल, २०६७, पृ. १८) । नारी जातिले दैनिक रूपमा प्रयोग गर्ने साडी, पोते, चुरा, टीका,

सिन्दूर, गाजल जस्ता शव्दहरू पुरुषले वर्षभरि प्रयोग नगरे पनि हुन्छ । व्याकरण व्यवस्थामा पनि लिङ्गगत भेद देखिन्छ । लिङ्गगत आधारमा नारी र पुरुषले प्रयोग गर्ने भाषामा शैलीगत भिन्नता देखिन्छ । जस्तैः

**तालिका नं. १**

लिङ्गगत आधारमा शैलीगत भिन्नता

| पुरुष | नारी |
|---|---|
| ☐ के छ तिम्रो हाल खबर ? | ☐ के छ हौ तिम्रो हाल खबर ? |
| ☐ कस्तो आपत पऱ्यो ? | ☐ लौ न नि कस्तो आपत पऱ्यो ? |
| ☐ के गरेको यस्तो ? | ☐ लौ न नि के गरेको यस्तो ? |
| ☐ म के गरौं ? | ☐ लौ न म के गरौं ? |

लिङ्गगत आधारमा नारी र पुरुषले प्रयोग गर्ने भाषामा लयात्मकता, कोमलता, शब्दचयन साथै ध्वन्यात्मक भिन्नता देखिन्छ ।

### उमेरगत आधार

उमेरगत भिन्नताका आधारमा भाषिक प्रयोगमा भिन्न भेद देखा पर्दछ । बालक, युवक, प्रौढ, बृद्धले बोल्ने भाषामा फरक पर्ने हुँदा सामाजिक भाषिका निर्धारणमा उमेरलाई पनि महत्त्वपूर्ण आधार मानिन्छ । बालबालिकाले बोल्ने भाषा वृद्धवृद्धाको भन्दा नरम र कोमलताले भरिएको हुन्छ । उमेरगत आधारमा व्यक्तिले प्रयोग गर्ने शब्दमा समेत भिन्नता पाइन्छ ;जस्तैःबालकलेपापा, नाना, चाचा, चिची, तेते, बुबु आदि शब्दको प्रयोग गरेको पाइन्छ भने युवकलेसोम, यार, हल्लो, दोस्त, मित्र, च्वाँक आदिशब्दको प्रयोग गरेको पाइन्छ ।यसरी भाषिक प्रयोक्ताको उमेरले सामाजिक भाषिकभेद निर्धारणमा प्रत्यक्ष प्रभाव पार्दछ ।

### पद प्रतिष्ठा

पद प्रतिष्ठाका कारणले समाजमा उच्च र निम्न सामाजिक भेद देखिन्छ । सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, पद प्रतिष्ठा भएका उच्च वर्गले बोल्ने र सामान्य वर्गका व्यक्तिले बोल्ने भाषामा भिन्नता देखिन्छ । एउटै अर्थ जनाउने शब्दलाई भात, खाना, भुजा शव्दको प्रयोग गर्नु पद प्रतिष्ठाका कारणले हो । खा धातुबाट खान्छस् , खानुहुन्छ, खानुहोस् र खाइबक्सिन्छ को प्रयोग गर्नु, अनावश्यक ठाउँमा पनि पटकपटक हजुर शव्दको प्रयोग गर्नु, पद प्रतिष्ठाबाट उत्पन्न भाषिकभेदका कारणले हो । यसरी पद प्रतिष्ठाले सामाजिक भाषिकभेद निर्धारणमा प्रत्यक्ष प्रभाव पार्दछ ।

### भाषिक अवलम्बन, स्वीकरण र अपक्षय

भाषिक अवलम्बन, स्वीकरण र अपक्षयलाई अलग अलग शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

## भाषिक अवलम्बन

भाषाको विकास र विस्तार गर्न विभिन्न प्रयास गरी ग्रहण गर्ने प्रक्रिया नै भाषिक अवलम्बन भनिन्छ । आफ्नो मातृभाषाको पहिचान गरी त्यसको अस्तित्व जोगाउन गरिने प्रयास प्रत्येक भाषामा हुँदै आएको छ ।आफ्नो मातृभाषाप्रति सकारात्मक सोच राखेर अन्य भाषाको प्रयोग नगरी मातृभाषाको प्रयोग गर्दछन् भने त्यसलाई भाषिक अवलम्वन भनिन्छ । विस्तापित हुँदै गएको भाषालाई ग्रहण गर्ने प्रक्रिया नै भाषिक अवलम्बन हो । अवलम्बनको शाब्दिक अर्थ ग्रहण वा धारण गर्नु भन्ने हुन्छ । कुनै पनि भाषा बोल्ने भाषिले आफ्नो भाषाप्रति देखाउने सद्भाव मोह वफादारिता नै भाषिक अवलम्बन हो (भण्डारी र पौड्याल, २०६७, पृ. १८) भाषिक सचेतना भएको समुदायले त्यसप्रति सतर्क भई आफ्नो भाषाको पहिचान र अस्तित्व जोगाउने गर्नुपर्दछ यस स्थितिलाई भाषिक अवलम्बन भनिन्छ (अधिकारी, २०५९, पृ. ३९ ) । कुनै पनि भाषिक समुदायले आफूले बोल्ने भाषा प्रति सकारात्मक दृष्टिकोण राखी त्यस भाषाको विकास र बिस्तारमा व्याकरण तयार गर्ने, शब्दकोश निर्माण गर्ने, पत्रपत्रिका प्रकाशित गर्ने, प्रचार प्रसार गर्ने प्रक्रियालाई नै भाषिक अवलम्बन भनिन्छ ।

सुदूरपश्चिम प्रदेशमा बोलिने डोटेली र अछामी भाषा नेपाली भाषाको तुलनामा व्याकरण लेखन, शब्दकोश निर्माण, शब्दभण्डार र साहित्य सिर्जनामा कमजोर मानिन्छ । नेपाली भाषाको प्रयोग गरी डोटेली र अछामी भाषाको अस्तित्वलाई सङ्कटमा पार्नुको सट्टा ती भाषाको विकास विस्तार गर्न व्यक्तिगत, सामूहिक र संस्थागत रूपमा प्रयास गरी भाषाको संरक्षण गर्दै प्रयोग गर्नु नै भाषिक अवलम्बन हो । भाषाप्रति सकारात्मक सोच राख्नु, वक्ता सङ्ख्या बढ्दै जानु, सम्पर्कको भाषा बन्नु, शिक्षा र सञ्चारको क्षेत्रमा प्रयोग हुनु आदि विभिन्न कारणले भाषिक अवलम्बनमा सहयोग पुग्दछ । नेपाली भाषालाई मातृभाषाको रूपमा बोल्ने वक्ताहरूको जनसङ्ख्या क्रमश : घट्दै जानु विभिन्न कारणमध्ये अन्य मातृभाषी वक्तामा आएको सचेतना र भाषिक अवलम्बनलाई मान्न सकिन्छ । वि.सं. २०३८ जनगणनामा ५६.३६ प्रतिशत नेपाली मातृभाषा बोल्ने वक्ताहरू रहेकोमा वि.सं. २०६८ मा आइपुग्दा ४४.६३ प्रतिशत नेपाली मातृभाषा बोल्ने वक्ताहरू रहेको देखिन्छ । नेपाली मातृभाषा बोल्ने वक्ताहरूको विगत जनगणनाको तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

नेपाली मातृभाषा बोल्ने तथ्याङ्कको विवरण

| वि.सं. | २०११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ |
|---|---|---|---|---|---|---|---|
| प्रतिशत | ४८.७३ | ५०.९५ | ५२.४४ | ५८.३६ | ५०.३१ | ४८.६१ | ४४.६३ |

स्रोत : तथ्याङ्क विभाग २०११ देखि २०६८ सम्मको जनगणना

माथिको तथ्याङ्कबाट के निष्कर्ष निकाल्न सकिन्छ भने नेपाली मातृभाषा बोल्ने जनसङ्ख्या कमश : घट्दै जानु आफ्नो मातृभाषा प्रतिको मोह र बफादारिता नै हो । जसले भाषिक अवलम्बनमा सहयोग पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा मान्नु, मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तयार गरी पठनपाठन गर्नु, आफ्नो मातृभाषा प्रति सचेत हुनु, विभिन्न सङ्घ संस्था र व्यक्तिगत प्रयासमा नेपालमा रहेका भाषाको खोज अनुसन्धान गर्नु आदि

कारणले भाषिक अवलम्बन हुँदै गएको देखिन्छ । स्थानीय स्तरमा प्रकाशित हुने पत्र पत्रिका, एफ.एम रेडियोबाट सामग्री प्रसारित हुनु, विचार विनिमय गर्ने माध्यम पनि मातृभाषा नै भएमा विस्तापित हुँदै गएको भाषालाई ग्रहण वा अवलम्बन गर्न सकिन्छ । यसरी मातृभाषी वक्ताले आफूले बोल्ने भाषाको संरक्षणका लागि अपनाइने स्याहार, सम्भार, रेखदेख, जतन आदि समग्र उपायलाई भाषिक अवलम्बन भनिन्छ ।

## भाषिक स्वीकरण

कुनै भाषालाई स्वीकार गरी ग्रहण गर्ने वा मान्यता दिने प्रक्रियालाई भाषिक स्वीकरण भनिन्छ । मातृभाषा अवलम्वन नगरी अन्य प्रभावकारी भाषालाई अँगाल्दा वा अङ्गीकार गर्दा भाषिक स्वीकरणको अवस्था सिर्जना हुन्छ । नेपालका विभिन्न भाषिकामध्ये पुर्बेली भाषिकालाई बढी मान्यता दिनु भाषिक स्वीकरणको उदाहरण हो । भाषिक प्रयोगमा सर्वस्वीकार्य सर्वमान्यतर्फ उन्मुख हुनु भाषिक स्वीकरण हो । भाषिक स्वीकरणमाकुन र कस्तो भाषिक लिपि, रूप, हिज्जे, अर्थव्यवस्था अपनाउने र कसलाई सर्वस्वीकार्य मान्ने भन्ने विषयसँग सम्बन्धित हुन्छ । यसरी समाजमा प्रयोग हुने भाषाका विभिन्न रूपहरूमध्ये कुनै रूपलाई मान्यता दिएर सर्वस्वीकार्य बनाउने प्रक्रियालाई नै भाषिक स्वीकरण भनिन्छ । भाषिक स्वीकरणका क्रममा समाजको ऐक्यभाव, अभिव्यक्ति क्षमता, राष्ट्रिय अखण्डता आदि तथा सामाजिक सांस्कृतिक आधारलाई महत्त्व दिइन्छ (भण्डारी, २०६७, पृ. २०) ।

स्वीकरणको शाब्दिक अर्थ स्वीकार वा अङ्गीकार गर्नु, ग्रहण वा अँगाल्नु भन्ने हुन्छ । कुनै भाषालाई मान्यता दिनु नै भाषिक स्वीकरण हो (भण्डारी र पौड्याल, २०६७, पृ. १९ ) । कतिपय अवस्थामा आफ्नो मातृभाषा अवलम्बन नगरी अर्को प्रभावशाली भाषालाई अँगाल्दा वा अङ्गीकार गर्दा भाषिक स्वीकरणको अवस्था सिर्जना हुन्छ । आफ्नो मातृभाषा अवलम्बन नगरी अन्य भाषालाई स्वीकार  गरी मान्यता दिनु नै भाषिक स्वीकरण हो । भाषिक स्वीकरणका सन्दर्भमा स्तरीय, औपचारिक, मानक, व्याकरण सम्मत, प्रभावशाली आदि कारणले प्रभावित पार्दछ । साझा सम्पर्कको भाषा हुनु, धेरै जनसङ्ख्याले ठुलो भूगोलमा बोलिनु, प्रशासनिक कामकाजको भाषा हुनु, मानक र स्तरीय हुनु, भाषिक स्वीकरणका लक्षण हुनु । नेपाली भाषाका पुर्बेली, माझाली, ओरपश्चिमा, मझपश्चिमा, परपश्चिमा भाषिक भेदमध्ये पूर्वेली भाषिकालाई बढी मान्यता दिनु भाषिक स्वीकरण हो । भाषिक एकाइहरू ध्वनि, वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य, अर्थ आदिको प्रयोग सवै भाषिक प्रयोक्ताले स्वीकार गर्ने र मान्यता दिने स्थिति हुँदैन । भाषिक प्रयोगमा सर्वस्वीकार्य, सर्वमान्यतातर्फ उन्मुख हुनु नै भाषिक स्वीकरण हो । भाषिक प्रयोगमा आफ्नो मातृभाषाको अवलम्बन गर्न नसक्दा अर्को भाषाको स्वीकरण गर्ने स्थितिको सिर्जना हुन्छ ।नेपाली भाषामा देखिएको पछिल्लो हिज्जेसम्वन्धी विवाद कसलाई मानक र सर्वस्वीकार्य मान्ने भन्ने विषयमा अल्झिएको छ । यसलाई सर्वस्वीकार्य, सर्वमान्य बनाई अङ्गीकार गर्नु नै भाषिक स्वीकरण हो । यसरी समाजमा प्रयोग हुने भाषाका विभिन्न रूपहरूमध्ये कुनै रूपलाई मान्यता दिएर सर्वस्वीकार्य बनाउनुलाई भाषिक स्वीकरण भनिन्छ ।

## भाषिक अपक्षय

आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक आदि विभिन्न कारणले भाषा हराउँदै जाने स्थितिलाईभाषिक अपक्षय भनिन्छ ।आचार्य र गौतम (२०६३) का विचारमा भाषिक अपक्षयका मुख्य

कारणहरूका बसाइँसराइ, अन्य भाषाको सम्पर्क, विवाह, सहरीकरण, विद्यालयको परिवेश, आधुनिक शिक्षादीक्षाआदि पर्दछन् (पृ. १६) । भाषा कमजोर हुँदै जानु ,विकसित भाषाको तुलनामा मातृभाषा सङ्कटमा पर्नु,द्विभाषिक वा बहुभाषिक स्थितिमा कमजोर भाषाको तुलनामा प्रभावशाली भाषाको प्रभाव बढ्दै जानु भाषा अपक्षयको मुख्य कारण मानिन्छ । मातृभाषा कमजोर भएका कारणले भाषिक प्रयोक्ताले अर्को भाषाको प्रयोग गर्ने स्थितिको सिर्जना हुँदाभाषिक अपक्षय हुन्छ ।भाषाको प्रयोक्ताले प्रभावशाली भाषाको प्रयोग गर्दा विभिन्न अवसर प्राप्त गर्ने हुँदा मातृभाषाको प्रयोग कम गर्दै जाँदा भाषिक अपक्षय हुन्छ ।

भाषिक अपक्षयको शाब्दिक अर्थ ह्रास वा नाश भन्ने हुन्छ । आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक आदि विभिन्न कारणले भाषा  ह्रास हुने, कमजोर हुँदै जाने र हराउने स्थितिलाई भाषिक अपक्षय भनिन्छ । लेख्य रूपमा प्रयोगमा नआएका भाषाहरू विकसित भाषाको दाँजोमा हराउँदै जाने सम्भावना हुन्छ । प्रभावशाली भाषाको बढी प्रयोग हुने भएकाले मातृभाषा सङ्कटमा पर्दै जान्छ । यस्तो स्थितिमा व्यक्तिले आफ्नो मातृभाषा ग्रहण वा अवलम्बन कम गर्दै जान्छ । द्विभाषिक वा बहुभाषिक स्थितिमा कमजोर भाषाको तुलनामा प्रभावशाली भाषाको प्रभाव बढ्दै जाने र कमजोर भाषा अपक्षय हुँदै जान्छ ।

आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक कारणले भाषिक अपक्षयको स्थिति सिर्जना हुन्छ । बसाइँसराइ, प्राकृतिक प्रकोप, भूकम्प, बाढीपहिरो, आगजनी आदि कारणले जनसङ्ख्या घट्दै जानु प्रभावशाली भाषाका कारणले प्रयोगमा हीनत्वबोध हुनु आदि कारणले भाषाको अस्तित्व कमजोर बन्दै जान्छ । सरकारले भाषिक अध्ययन अनुसन्धानमा जोड नदिँदा भाषिक अपक्षयको स्थिति सृजना हुन्छ । जसको फलस्वरूप अन्त्यमा भाषिक मृत्यु हुन पुग्दछ । प्रयोगमा रहेको भाषा कुनै कारणले नासिनु, अलप हुनु वा चलनचल्तीबाट हराउनु नै भाषिक मृत्यु हो । भाषा अपक्षय हुँदै प्रयोक्ता विहीनको स्थितिमा पुग्दछ ।सरकारी कामकाजमा प्रयोग नहुनु, सरकारले प्रतिबन्ध लगाउनु, प्रयोक्ताले भाषिक प्रयोग नगर्नु, देशभित्र र बाहिर बसाइँसराइ गर्नु जनसङ्ख्या घट्दै जानु, सरकारी भाषिक नीति, भाषिक चेतनाको कमी आदि कारणले भाषिक अपक्षय हुँदै जान्छ । भाषालाई अपक्षयबाट बचाउन भाषालाई सम्पत्तिको रूपमा स्वीकार गर्ने, भाषिक वक्ताको सरक्षण गर्ने, भाषालाई लेख्य रूपमा विकास गर्ने, द्विभाषिक र बहुभाषिक नीति अवलम्बन गर्ने, पठनपाठन र सञ्चारमा प्रयोग आदि प्रयास गर्न सकिन्छ ।

## निष्कर्ष

सामाजिक भाषाविज्ञानले भाषा र समाजबिचको सम्बन्धलाई जोडेर अध्ययन गर्दछ  । सामाजिक भाषाविज्ञानलेसामाजिक तत्त्वहरू वर्ग, तह, उमेर, लिङ्ग, र जाति आदिसँग सम्वन्धित भएर भाषाको अध्ययन गर्दछ । भाषा र समाजबिचको अन्तर्सम्बन्धको अध्ययन सामाजिक भाषाविज्ञानले गर्दछ । सामाजिक संरचना, धार्मिक र सांस्कृतिक विविधता, वक्ता र श्रोताको स्थिति, देश, काल र परिवेश, औपचारिकता, शिक्षा र चेतनाको स्तर, पेसा व्यवसाय, लिङ्ग, उमेर,पदप्रतिष्ठा आदिको अध्ययन गरी भाषाको सामाजिकभेदपहिचान गर्न सकिन्छ । यसरी भाषाको सामाजिक व्यवहारका विभिन्न पक्षहरूको अर्न्तसम्बन्ध पत्ता लगाउने उद्देश्यले भाषिक क्रियाकलापको अध्ययन गर्ने भाषाविज्ञानको प्रायोगिक शाखालाई सामाजिक भाषाविज्ञान भनिन्छ । नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, तथा भौगोलिक विविधतायुक्त देशहो । यसमा कुन र कस्तो भाषिक लिपि,

रूप, हिज्जे अर्थ व्यवस्था अपनाउने र कसलाई सर्वस्वीकार्य मान्ने भन्ने कुरामा समस्या उत्पन्न भएको देखिन्छ ।कुनै पनि भाषिक समुदायले आफूले बोल्ने भाषाप्रति सकारात्मक दृष्टिकोण राखी त्यस भाषाको विकास र विस्तारमा गरिने प्रयास अपनाएमा भाषिक अवलम्बन हुन्छ ।प्रभावशाली भाषाको बढी प्रयोग हुने भएकाले मातृभाषा सङ्कटमा पर्दै जान्छ रमातृभाषाको प्रयोग कम गर्दै जाँदा भाषिक अपक्षयको स्थिति सिर्जना हुन्छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५९).भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति (चौ.स.).विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९).सामाजिक र प्रायोगिक भाषाविज्ञान.रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल (२०६६).प्रयोगात्मक नेपाली शब्दकोश.विद्यार्थी प्रकाशन ।

आचार्य र गौतम (२०६३).सामाजिक तथा मनोभाषाविज्ञान. दीक्षान्त प्रकाशन ।

सम्प्रेषण परिवार (२०६३). सम्प्रेषण, अङ्क १-६ काठमाडौँ : नेपाली शिक्षा विभागत्रि. वि. ।

ओझा, रामनाथ र न्यौपाने, महेन्द्र (२०७१) प्रायोगिकभाषाविज्ञान. पिनाकल पब्लिकेसन ।

खतिवडा, लयप्रसाद (२०७८).भाषाविज्ञानको सैद्धान्तिक पक्ष. ड्रिमल्यान्डपब्लिकेसन ।

गौतम, रामप्रसाद (२०६१).भाषिक अनुसन्धान विधि. दीक्षान्त पुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०६५ ). समाज भाषाविज्ञान  वाङ्मय प्रकाशन तथा अनुसन्धानकेन्द्र ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद (२०५८).प्रायोगिक भाषाविज्ञान. एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

तिवारी, भोलानाथ र भाटिया, कैलाशचन्द्र, (सन् १९८०).हिन्दी भाषाशिक्षण. लिपि प्रकाशन ।

बन्धु, चूडामणि (२०५३).भाषाविज्ञानका सम्प्रदाय. एकता बुक्स ।

भण्डारी, पारसमणि (२०५४).प्रायोगिक भाषाविज्ञानका केही पक्ष.विद्यार्थी पुस्तकभण्डार ।

भण्डारी, पारसमणि र सालिकराम, पौड्याल(२०६७).सामाजिक तथा मनोभाषाविज्ञान.

विद्यार्थी पुस्तक भण्डार ।